NIC BANK
Complete Financial Solutions

# नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड

## आठौं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्युट)

१. **वैधानिक सभा:**
नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडको संचालक समितिको निर्णयानुसार बोलाइएको यो आठौं वार्षिक साधारणसभा संचालक समितिका अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्युको अध्यक्षतामा देहाय बमोजिम सु-सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान र समय:**
मिति : २०६२ मार्ग २४ गते शुक्रवार (९ डिसेम्बर, २००५)
स्थान : उद्योग संगठन मोरंगको सभाकक्ष, शहीद मार्ग, तिनपैनि, विराटनगर
समय : अपरान्ह १२:१५ बजे देखि २:३० बजे सम्म
(हाजिरी विहान १०:०० बजेदेखि १२:०० बजे सम्म)

३. **उपस्थिति:**
**संचालकहरुको उपस्थिति:**
क) श्री जगदीश प्रसाद अग्रवाल - अध्यक्ष
ख) श्री तुलसीराम अग्रवाल - संचालक
ग) श्री अशोक कूमार अग्रवाल - संचालक
घ) श्री निर्मल कूमार अग्रवाल - संचालक
ङ) श्री राजेन्द्र अर्याल - संचालक
च) श्री विरेन्द्र कूमार संघई - संचालक

**पदाधिकारीहरुको उपस्थिति:**
क) श्री सशिन जोशी - प्रमूख कार्यकारी अधिकृत
ख) श्री निरज श्रेष्ठ - प्रमूख विजनेश बैंकिङ्ग
ग) श्री लक्ष्मण रिसाल - प्रमूख संचालन अधिकृत
घ) श्री अरुण पराजूली - प्रमूख, कोष तथा लेखा
ङ) श्री माधव प्रसाद रेग्मी - कानुन अधिकृत
च) श्री टी. आर. उपाध्याय - चाटर्ड एकाउन्टेण्ट

४. **सभाको सुचना:**
आठौं वार्षिक साधारण सभा बस्ने बारेको सुचना, वार्षिक प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण शेयरधनीहरुको उपलब्ध व्यक्तिगत ठेगानामा पठाउनुका साथै क्रमश: राष्ट्रिय दैनिक गोर्खापत्रमा २०६२ मार्ग २ गते, अन्नपुर्ण पोष्ट दैनिकमा २०६२ मार्ग ३ गते र कान्तिपुरमा २०६२ मार्ग २२ गते प्रकाशित गरी शेयरधनी महानूभावहरुलाई सार्वजनिक रुपले समेत सुचित गरिएको थियो ।

५. **सभामा भएका छलफलका विषयहरु:**
क. अध्यक्षज्युको मन्तव्य र आठौं वार्षिक साधारणसभाको लागि सञ्चालक समितिको प्रतिवेदन ।
ख. लेखापरीक्षकको प्रतिवेदन सहित २०६२ साल आषाढ मसान्तको वासलात, २०६१/४/१ देखि २०६२/३/३१ सम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

Corporate Office KTM
Nepal Industrial & Commercial Bank Ltd.


P.O. Box 232, Main Road, Biratnagar, Nepal. Tel.: 021-21921, Fax: 977-21-22748, Tlx.: 3038 NICB NP, E-mail: nicb@brt.wlink.com.np

ग. प्रबन्धपत्र तथा नियमावलीमा संशोधन सम्बन्धी विशेष प्रस्ताव छलफल गरी पारित गर्ने ।

घ. संचालक समितिले सिफारिस गरे बमोजिम लाभांश सम्बन्धी प्रस्ताव पारित गर्ने तथा बोनस शेयर सम्बन्धी विशेष प्रस्ताव स्वीकृत गर्ने ।

ङ. आर्थिक वर्ष २०६२/६३ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (हाल वहालवाला लेखापरीक्षक श्री तिर्थ राज उपाध्याय पुन: नियुक्त हुन सक्नुहुनेछ)

च. विविध ।

६. <u>शेयरधनीहरुको उपस्थिति:</u>

| कुल शेयरधनी संख्या | स्वयं उपस्थित | प्रतिनिधिपत्रद्वारा उपस्थित | जम्मा उपस्थित | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| ३३४०९ (क-ख समुह) | १२८ | १४ | १४२ | ६७.१२ |

७. <u>गणपूरक संख्या एवम् वैधानिकता:</u>

सभाको प्रारम्भमा कम्पनी सचिवले यस साधारणसभा प्रचलित ऐन कानुन बमोजिम बोलाइएको र सभा गर्न बैंकको नियमावली र कम्पनी अध्यादेश, २०६२ बमोजिम आवश्यक गणपुरकसंख्या पुगेको जानकारी सभालाई अवगत गराउनु हुँदै, आजको यस सभाको अध्यक्षता गरी दिन संचालक समितिका अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्युलाई अनुरोध गर्नु भयो । यसरी आवश्यक गणपुरक संख्या विद्यमान रहेको र प्रचलित कानुनको पालना भएको हुँदा कम्पनी अध्यादेश, २०६२ को दफा ६९ का अधीनमा रही सभा विधिवत प्रारम्भ भयो ।

८. सभाको अध्यक्षता:

सभाका अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्युले वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पुर्ण शेयरधनीमहानुभावहरुको हार्दिक स्वागत गर्दै काम कारवाही अगाडि बढाउनु भयो ।

९. <u>वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुति:</u>

सभापतिज्युले आफ्नो मन्तव्य पढेर सुनाई सकेपछि संचालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०६१/६२ को नाफा नोक्सान हिसाब र वासलात छलफलका लागि सभामा प्रस्तुत गर्नुभयो । यसै क्रममा निम्न लिखित महानुभावहरुले जिज्ञासा, प्रश्न, सुझाव तथा मन्तव्य सभामा प्रस्तुत गर्नुभयो ।

१. श्री भगवती प्रसाद अगरवाल
२. श्री गोविन्द प्याकुरेल
३. श्री लभराज जोशी
४. श्री माधव कुमार श्रेष्ठ (लिखित रुपमा)

<u>श्री भगवति प्रसाद अगरवाल</u>

१. हिजो मिति २०६२.८.२३ गतेका दिन बैंकका पदाधिकारीहरु श्री लक्ष्मण रिसाल र श्री अरुण पराजुली संग दिउँसो २.३० बजेदेखि साँझ ५.३० बजे सम्म छलफल भई मेरा अधिकांश जिज्ञासाहरु समाधान गरी दिनु भएकोमा धन्यवाद दिन्छु ।
२. गत: वर्षभन्दा करीब रु.२० लाखको बढी घरभाडा के के मा कहाँ कहाँ लागेको हो ?
३. विज्ञापन खर्च बढेको छ । बढी विज्ञापन खर्च किन केमा भएको हो ?
४. बैंकको क्रेडिट पोलिसी छ कि छैन ? क्रेडिट Authority के के दिइएको छ ?
५. राष्ट्रिय वाणिज्य बैंकको नाममा रहेको संस्थापक शेयर कुन प्रकृयाबाट कसले खरीद गरेको हो ?

Nepal Industrial & Commercial Bank Ltd. Corporate Office KTM

सुझावहरु:

१. दश प्रतिशत नगद लाभांशको सट्टा प्रत्येक ५ शेयरमा २ बोनस शेयर तथा प्रस्ताव गरेको बोनस शेयर समेत गरी १० शेयरमा ४ बोनस शेयर बाड्नको लागि अनुरोध छ ।

२. बैंकले शुरु गरेको घर कर्जालाई अधिकतम २० वर्षको सट्ट २५ वा ३० वर्ष सम्मको लागि प्रदान गरियोस् ।

३. बैंकमा बचत खाता खोल्न अहिलेको व्यवस्था अनुसार न्युनतम रु. ५०००/- आवश्यकता पर्दछ सोको सट्टा रु.१०००/- मा खाता खोल्ने व्यवस्था होस् ।

४. ATM Debit Card को connection भारतका ATM हरुसंग पनि Nabil Bank को भिसा कार्ड जस्तै व्यवस्था होस् ।

५. ट्रावलर्स चेक पनि भारतको चल्तीको कुनै एक बैंकसँग एजेन्सी सम्बन्ध स्थापित गरी भारतमा भुक्तानी हुने व्यवस्था गरियोस ।

६. Selective Lending Activity पट्टि विशेष ध्यान दिनु पर्‍यो । राम्रा राम्रा Project चयन गर्नु पर्‍यो वा Snatch out गर्न सक्नु पर्‍यो ।

७. बैंकले आ.व. २०६०/०६१ सम्मको आयकर चुक्ता प्रमाणपत्र प्राप्त गरी सकेकोले संचालक समिति र व्यवस्थापन समुहलाई धन्यवाद दिन्छु ।

८. रानी भंसारभित्र वा भंसार नजिकै एउटा Extension Counter खोले सुविधा हुने थियो जस्तो मलाई लाग्दछ । त्यसपट्टि ध्यान दिनु पर्‍यो ।

९. संचालकहरुले पाउने बैठक भत्ता, भ्रमण भत्ता र सुविधाको सम्बन्धमा नेपाल बैंकर्स संघका सदस्यहरुले निर्धारण गरेर सबै बैंकमा एकरुपता ल्याउन सके राम्रो हुने थियो ।

**श्री गोविन्द प्याकुरेल**

१. साधारण सभाको प्रचार प्रसार चुस्त दुरुस्त हुनु पर्‍यो । सुचना नै प्राप्त गर्न सकिएन ।

२. यस बैंकको प्रगति अन्य बैंकको तुलनामा त्यति उत्साहवर्द्धक रुपले भएको छैन, माथि उठाउनु पर्‍यो ।

३. बैंकले उद्योग धन्दाको साथै कृषि क्षेत्रतर्फ पनि लगानी गर्नु पर्‍यो ।

४. बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दै छिट्टै छिट्टै फेरी पनि लाभांश लिन सकौं भन्ने शुभेच्छा सहित बोल्ने मौका दिनु भएकोमा आभार व्यक्त गर्दछु ।

**श्री लभराज जोशी**

१. आठौं वार्षिक साधारण सभामा बोल्ने अवसर दिनु भएकोमा आभार प्रकट गर्दछु ।

२. यस बैंकले गरेको उपलब्धि सह्रानिय छ । बैंकलाई मूर्तरुप दिन योजनाबद्ध रुपमा जान आग्रह गर्दछु ।

३. WTO को सदस्य भएकोले आगामी ई. सन् २०१० सम्ममा प्रतिस्पर्धात्मक बैंकिङ्ग स्थिति आउँदै छ, तसर्थ अहिले देखि नै प्रविधि र जनशक्ति-मानव संशाधनको विकास गर्दै लानु पर्‍यो ।

४. NIC नै यस्तो बैंक देखें जसले शेयरधनीहरुसँग अन्तरक्रिया (interaction) गरेको छैन् । त्यसतर्फ ध्यान दिन अनुरोध गर्दछु ।

५. यस बैंकले धेरै जसो लगानी Collateral नलिई Guarantee मा नै प्रवाहित गरेको छ भन्ने सुन्नमा आएको छ, वास्तविकता के हो ? सरकारी नीति नियमलाई विचार गरेर लगानी गर्नु पर्‍यो ।

६. बैंकको क्षेत्रगत लगानीको Ratio के छ ? एउटै Sector मा मात्र केन्द्रित हुनु भएन । विभिन्न Sector मा बैंकको Loan प्रवाहित हुनु पर्‍यो ।

७. यस बैंकले घर जग्गा कर्जामा बढी लगानी प्रवाहित गरेको छ भन्ने सुनिन्छ के हो ?

Nepal Industrial & Commercial Bank Ltd. Corporate Office KTM

८. बैंकका गतिविधिहरुको जानकारी गराउने हेतुले News Letter प्रकाशनको व्यवस्था गर्नू पर्‍यो ।
९. सीप र दक्षता बृद्धि गर्न तालिमको व्यवस्था गरेर कर्मचारीहरुलाई Motivate गर्नू पर्‍यो ।
१०. कम्पनी ऐनले तोकेको म्यादभित्रै वार्षिक साधारणसभा बोलाइएकोमा धन्यवाद छ ।
११. CAELS Rating मा नेपाल राष्ट्र बैंकले १५ वटै निजी क्षेत्रका बैंकहरुमध्ये सर्वोत्कृष्ट स्तर निर्धारण गरेको उपलब्धिको प्रशंसा गर्दै प्रमुख कार्यकारी अधिकृतलाई धन्यवाद दिन्छु ।
१२. नगद लाभांश र बोनस शेयरका लागि संचालक समिति र व्यवस्थापनलाई धन्यवाद ज्ञापन गर्दछु ।
१३. त्यसै गरी यस बैंकले आफ्ना उत्पादन (Product) पृथक रुपमा Launch गरेकोमा धन्यवाद छ ।
१४. कम्पनी अध्यादेश २०६२ बाट भएको व्यवस्थाले गर्दा परिवहन खर्च, माइन्युटमा दस्तखत र लेखापरीक्षकको नियुक्ति आदि हटाएकोमा शेयरधनीहरुले अब जागरुक र चेतनशिल हूनू पर्‍यो । प्रत्येक बैकिङ्ग गतिविधिको जानकारी लिनेतर्फ प्रयासरत हूनू पर्‍यो ।
१५. यस बैंकका प्रमूख कार्यकारी अधिकृत (CEO) बैंकर्स संघको उपाध्यक्षमा निर्वाचित हूनू भएकोमा बधाई छ ।
१६. आगामी दिनहरुमा बैंकले अझ बढी उन्नति प्रगति गर्न सकोस् भन्ने शुभकामनासहित आठौं वार्षिक साधारण सभाको पुर्ण सफलताको कामना गर्दछु ।

**<u>श्री माधव कूमार श्रेष्ठ (लिखित रुपमा प्राप्त)</u>**

प्रमूख कार्यकारी अधिकृतले एक जना शेयरधनीबाट केंही जिज्ञासा र सूझावहरु लिखित रुपमा प्राप्त भएको सभालाई जानकारी गराउनू हूँदै शेयरधनी श्री माधव कूमार श्रेष्ठबाट प्राप्त पत्र सभामा पढेर सुनाउनू भयो, जसअनूसार:

१. आर्थिक वर्ष पुरा भएको ६ महिना भित्र वार्षिक साधारण सभा गर्नू पर्नेमा ४ महिना २४ दिनमा यो आठौं वार्षिक सधारण सभामा Vigilant Independent Professional Shareholder को हैसियतले भाग लिन मौका दिनू भएकोमा धन्यवाद ।
२. चूक्ता पुंजीको १० प्रतिशत नगद लाभांसको प्रस्ताव ल्याउनूको साथै प्रत्येक ५ शेयरमा १ बोनश शेयर दिन विशेष प्रस्ताव प्रस्तूत गर्नू भएकोमा पनि धन्यवाद ।
३. समिक्षा वर्षमा नेपाल राष्ट्र बैंकले अन्तर्राष्ट्रिय वित्तीय कार्य सम्पादनमा केल्स (CAELS) को मापदण्ड अनूरुप नेपालका निजी क्षेत्रका बैंकहरुमध्ये यो हाम्रो बैंकलाई सर्वोत्कृष्ट घोषणा गरेकोमा पनि बैंकका संचालक समिति तथा व्यवस्थापन समूहलाई यस्तो गौरवपुर्ण कामको लागि बधाई दिन चाहन्छु ।

**<u>सभामा उठेको प्रश्न तथा जिज्ञासाहरुको प्रत्यूत्तरको प्रस्तूतिकरण:</u>**

अध्यक्षज्युको आज्ञाले बैंकका प्रमूख कार्यकारी अधिकृत श्री सशिन जोशीज्युले दिनू भएको समूहगत जवाफ:

१. वक्ताहरुले बैंकका क्रियाकलाप बारे धेरै अध्ययन मनन गरी सभामा आफ्नो जिज्ञासा र सूझावहरु राखी दिनू भएकोमा धन्यवाद छ ।
२. शेयरधनी श्री भगवती प्रसाद अगरवालले लिखित रुपमा दिनू भएको विस्तृत जिज्ञासाका सम्बन्धमा बैंकका पदाधिकारीहरुले करीब ३ घण्टा छलफल गरी उहाँका अधिकांश जिज्ञासाको निराकरण भएको जानकारी गराउनू भयो ।

Nepal Industrial & Commercial Bank Ltd. Corporate Office KTM

३. घरभाडा वृद्धि बारे राख्नु भएको जिज्ञासाका सम्बन्धमा बैंकले गत: वर्ष दुइवटा शाखा विस्तार गरेको र विगत ४–५ वर्ष देखि संचालित अन्य शाखाहरुमा समेत करारमा भएको शर्त अनुसार वृद्धि गर्नु परेकोले घरभाडा खर्च बढ्न गएको हो ।

४. बैंकको आफ्नो सेवा सुविधाको प्रचार प्रसार र गत: वर्ष बैंकले ल्याएको नयाँ सेवा/उत्पादनहरु (Products) को कारणले गर्दा नै विज्ञापन खर्च बढ्न गएको हो ।

५. बैंकको क्रेडिट पोलिसी छ कि छैन : भन्ने जिज्ञासाको प्रत्यूत्तरमा प्रमूख कार्यकारी अधिकृतले बैंकमा अवस्य पनि क्रेडिट पोलिसि छ र क्रेडिटका अख्तियारीहरु बैंकका अधिकृतहरु र संचालक समिति र यस अधीनमा उपसमितिलाई दिइएकोछ, क्रेडिट Authority आन्तरिक कूरा भएकोले सभामा खूलस्त रुपमा बताउन सान्दर्भिक नहूने जानकारी गराउनू भयो ।

६. राष्ट्रिय वाणिज्य बैंकको स्वामित्वमा रहेको संस्थापक शेयर अहिले भएको प्रावधान अनूसार नै नेपाल राष्ट्र बैंकको स्विकृति लिई बैंकका केही संस्थापक शेयरधनीलाई उहाँहरुविच भएको सम्झौता अनूसार खरीद बिक्री भएको जानकारी गराउनू भयो ।

७. नगद लाभांशको सट्टा बोनस शेयर नै बाड्नू पर्ने सूझावको सम्बन्धमा शेयरधनीहरुलाई धेरै वर्ष पछि लाभांश वितरण भएकोले २०% बोनसशेयर र १०% नगद लाभांशको सिफारिश गरिएको हो ।

८. शेयरधनी श्री गोविन्द प्याकूरेलको जिज्ञासा बारे जवाफ दिँदै प्रमूख कार्यकारी अधिकृतले साधारण सभा सम्बन्धी सुचनाको जानकारी बैंकले राष्ट्रियस्तरका छुट्टा छुट्टै दैनिक पत्रिकाहरु मार्फत पटक पटक प्रकाशन गर्नूका साथै शेयरधनीहरुले उपलब्ध गराउनू भएको ठेगानामा कूरियर मार्फत पठाइएको हो, अझ प्रभावकारी ढंगबाट सुचना पठाउने व्यवस्था मिलाइने जानकारी गराउनू भयो ।

९. बैंकले अझ प्रगति गर्नू पर्ने प्याकूरेलजीको सूझावको प्रत्यूत्तरमा प्रमूख कार्यकारी अधिकृतले यसलाई चूनौतिको रुपमा लिएका छौं, सूझावलाई चिन्तन मनन गर्दै प्रयत्नरत रहने कूरा सभामा व्यक्त गर्नू भयो ।

१०. कृषि क्षेत्रमा लगानी गर्नू पऱ्यो भन्ने सूझावको प्रत्यूत्तरमा उहाँले बैंकले चियाखेती तथा कृषकहरुलाई लगानी गरेको जानकारी गराउँनू हूँदै सो वाहेक लघू वित्त (Micro-Credit) मा समेत बैंकले लगानी गरेको यसबाट अधिकांश ऋण सूविधा निम्न आय भएको निम्न वर्गका कृषक र विपन्न वर्गमा नै प्रवाहित हूने जानकारी गराउनू भयो ।

११. सभाका अर्का वक्ता शेयरधनी श्री लभराज जोशीलाई बैंकको आठौं वार्षिक साधारण सभामा सहभागी हूनका लागि काठमाडौंबाट आएनू भएकोमा प्रमूख कार्यकारी अधिकृतले धन्यवाद ज्ञापन गर्नूभयो ।

१२. श्री जोशीले राख्नू भएको WTO को सदस्यता लिई सकेको नेपालले ई. सन् २०१० मा झेल्नू पर्ने चूनौतिका सम्बन्धमा अति नै राम्रो मनन योग्य सूझाव भएको चर्चा गर्दै प्रमूख कार्यकारी अधिकृतले त्यही अनूसार नै बैंकले रणनीति बनाएर संचालन भई रहेको छ, थप Planning पनि गरी राखेको बताउनू भयो ।

१३. मानव संशाधनको विकासतर्फ बैंकले यथेष्ठ ध्यान दिएको छ । विभिन्न तालिमहरुबाट जनशक्तिलाई थप दक्ष बनाउँनेतर्फ संचालक समितिको ध्यानाकर्षण भएको छ । Staff लाई Motivation गर्नेतर्फ विभिन्न तरीकाहरु अपनाएको कूरा बताउनू भयो ।

१४. प्रविधिका बारेमा राखिएको जिज्ञासाको प्रतिउत्तरमा प्रमूख कार्यकारी अधिकृतले बैंकले आफ्नो साविकको Pumori मा धेरै नै Upgradation गरि सकेको बताउँनू हूँदै अति नै Relevant Technology प्रयोग गरिरहेकोमा बैंकले ३/४ वर्ष अगाडि देखि नै SWIFT सेवा उपभोग गरि राखेको, सम्पुर्ण शाखाहरुलाई V-SAT मार्फत एउटै संजाल

Corporate Office KTM Nepal Industrial & Commercial Bank Ltd.

(Network) मा ल्याइसकेको र Optical Fibre लिंक र Radio Modem आदि वैकल्पिक उपायहरु पनि अवलम्बन गरेर समयानुकुल अत्याधुनिक प्रविधि बैंकले प्रयोग गरिरहेको जानकारी गराउँनू भयो । साथै बैंकको आफ्नो वेबसाइट पनि रहेको जानकारीहरु अवगत गराउनु भयो ।

१५. शेयरधनीहरुसँग Interaction सम्बन्धमा राखिएको जिज्ञासाको प्रत्युत्तरमा प्रमुख कार्यकारी अधिकृतले बैंकको नीति भनेको शेयरधनीसँग Interaction गर्ने नीति रहेको बताउनू हुँदै, कूनै पनि शेयरधनी महानुभावले बैंकलाई केही विषयमा सुझाव सल्लाह दिन चाहनू हुन्छ भने सधैं त्यसको स्वागत गरिने बताउनू भयो । उहाँले आफूले व्यक्तिगतरुपमा समेत शेयरधनी महानुभावहरुको राय सुझाव लिने गरेको जानकारी गराउनू भयो ।

१६. कूनै Collateral नलिई ऋण प्रवाहित गर्छ भन्ने कूरामा सत्यता नभएको बताउनू हुँदै प्रमूख कार्यकारी अधिकृतले बैंकले Collateral वा व्यक्ति विशेषको आधारमा मात्र पनि ऋण दिंदैन, मूख्य रुपमा प्रवाहित हुने ऋणको जोखिमको विश्लेषण गरेर तथा कर्जा प्रवाहित भइसकेपछि त्यसको प्रभावकारी अनूगमन गर्ने गरी ऋण दिने गरेको बताउनू भयो ।

१७. बैंकको Loan विभिन्न Sector मा Diversrify गर्नू पर्छ भन्ने सूझाव अति नै राम्रो सूझाव भएको चर्चा गर्दै यस बैंकको Loan कूनै पनि Sector मा १५% भन्दा बढी लगानी नभएको जानकारी गराउनू भयो ।

१८. घर कर्जा पछिमात्र बढी लगानी प्रवाहित गरेको भन्ने जिज्ञासाको प्रत्यूत्तरमा अहिलेको Total Portfolio को १५% भन्दा कम नै प्रवाहित भएको जानकारी गराउनू भयो ।

१९. शेयरधनी श्री लभराज जोशीले बैंकको उपलब्धि, वार्षिक साधारण सभा म्याद भित्रै सम्पन्न गर्न सकेको र CAELS Rating का लागि व्यक्तिगत रुपमा आभार व्यक्त गर्नू भएकोमा प्रत्युत्तरमा प्रमूख कार्यकारी अधिकृतले आफ्नो तर्फबाट धन्यवाद ज्ञापन गर्नूभयो ।

२०. प्रत्यूत्तरको अन्त्यतिर प्रमूख कार्यकारी अधिकृतले शेयरधनी माधव कूमार श्रेष्ठले पठाउनू भएको लिखित सूझाव र शूभेच्छाका लागि धन्यवाद ज्ञापन गर्नूभयो ।

१०. <u>सभाको निर्णय:</u>

क) छलफलको लागि सभामा प्रस्तुत विषय सुचीको (क) बमोजिम संचालक समितिको प्रतिवेदन उपर छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी अध्यक्षज्युले निर्णयार्थ राख्नू भएको प्रस्ताव सभाले ध्वनी मतका साथ सर्वसम्मतिले पारित गऱ्यो ।

ख) विषय सुचीको (ख) बमोजिम लेखापरीक्षकको प्रतिवेदनसहितको २०६२ साल आषाढ मसान्तको वासलात र २०६१/४/१ देखी २०६२/३/३१ सम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरणलाई पारित गरियोस् भनी अध्यक्षज्युले प्रस्ताव राख्नू भएपछि छलफलपश्चात् सभाले ध्वनी मतका साथ सर्वसम्मतिबाट पारित गऱ्यो ।

ग) विषय सुचीको (ग) बमोजिम कम्पनी अध्यादेश, २०६२ र बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६२ बमोजिम बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन सहित नयाँ ढाँचामा तयार गरिएको संलग्न अनूसुची बमोजिमको विशेष प्रस्ताव अध्यक्षज्युले सभामा प्रस्तुत गर्नू भएपछि छलफलपश्चात सभामा उपस्थित सम्पुर्ण शेयरधनीहरुले सर्वसम्मतिबाट नयाँ ढाँचाको प्रबन्धपत्र तथा नियमावली लाई स्वीकृति प्रदान गर्ने निर्णय गरियो । पारित भई स्वीकृत भएको उपर्यूक्त प्रबन्धपत्र- नियमावलीको मुल मर्म र भावनामा असर नपर्ने गरी आवश्यक भएमा भाषागत त्रूटी आदि सच्याउन, केही सामान्य थप घट गर्न पाउने अधिकारसहित कम्पनी रजिष्ट्रारको कार्यालय लगायत अन्य निकायबाट स्वीकृति गराउन र

Nepal Industrial & Commercial Bank Ltd. Corporate Office KTM

बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६२ को दफा ३० को उपदफा २ बमोजिम कारोबार संचालन गर्ने इजाजतपत्र प्राप्त गर्न आवश्यक काम कारवाही सम्पन्न गर्न संचालक समितिलाई अख्तियारी दिने समेत सर्वसम्मतिबाट निर्णय गरियो ।

घ) विषय सुचिको (घ) बमोजिम संचालक समितिले सिफारिस गरेको ३१ अषाढ २०६२ मा समाप्त भएको आर्थिक वर्षमा संचित नाफाबाट चूक्ता पुँजीको १०% का दरले नगद लाभांश वितरण गर्ने सम्बन्धी प्रस्ताव र पुँजी समायोजन कोषबाट प्रत्येक ५ शेयरमा १ बोनश शेयर सम्बन्धी विशेष प्रस्तावलाई स्वीकृति प्रदान गरियोस् भनी अध्यक्षज्युले राख्नू भएको प्रस्ताव करतल ध्वनीका साथ सहर्ष सर्वसम्मतिले पारित गरियो ।

ङ) विषय सुचीको (ङ) बमोजिम आर्थिक वर्ष २०६२/६३ का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारीश्रमिक तोक्ने प्रस्ताव अध्यक्षज्युले सभामा प्रस्तुत गर्नू भएपछि वहालवाला लेखापरीक्षक श्री टी.आर. उपाध्याय (टी. आर. एण्ड कं.) चार्टर्ड एकाउन्टेण्टलाई गत सालको पारिश्रमिकमा १०% थप पारिश्रमिक दिने गरी लेखापरिक्षकमा नियूक्ति गर्ने सर्वसम्मति बाट निर्णय भयो ।

च) विविध अन्तर्गत शेयरधनी श्री रमेश कोइरालाले यस बैंकको कृयाकलापमा गहिरो अभिरुचि राख्दै बढीभन्दा बढी समय प्रदान गरी बैंकको सफल संचालनमा सक्रिय योगदान एवम् मार्गदर्शन प्रदान गरी दिनू हुने संचालक महानूभावहरुलाई प्रोत्साहन दिन बैंकले यस समीक्षा वर्षमा आर्जन गरेको खूद मूनाफाको ३% रकम पूरस्कारस्वरुप प्रदान गर्न सो सम्बन्धी विशेष प्रस्ताव निर्णयार्थ राख्ने मनसाय सभामा व्यक्त गर्नू हूँदै, कम्पनीको जम्मा शेयरको ६७% भन्दा बढी शेयरको प्रतिनिधित्व गर्दै कम्पनी अध्यादेश २०६२ को दफा ६७ को उपदफा ३(क) मा व्यवस्था भए बमोजिम गणपुरक संख्या पूगेको यस सभामा प्रस्ताव प्रस्तूत गर्न अनूमति माँग गर्नू भयो । सभामा उपस्थित सम्पुर्ण शेयरधनीहरुले सहर्ष सर्वसम्मतिबाट अनूमति प्रदान गरेतापनि यस सभा एवम् संचालक समितिका अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्युले शेयरधनीमहानुभावहरुले संचालकहरु प्रति दर्शाउनु भएको अगाध विश्वास का लागि आभार प्रकट गर्नूभयो र शेयरधनीहरुको माया ममता एवम् समर्थन नै प्रोत्साहन पुरस्कारभन्दा ठूलो र मुल्यवान भएको उद्गार व्यक्त गर्नू भयो । अध्यक्षज्युको उद्गारप्रति सभाले करतल ध्वनीका साथ उच्च सम्मान प्रकट गऱ्यो र प्रस्तूत विषयमा कूनै छलफल भएन ।

तत्पश्चात्, अध्यक्षज्युले यस सभाको सुचनासाथ पठाइएको छलफलको सूचिमा परेको विषयहरु सामान्य र विशेष प्रस्तावको रुपमा सभामा पेश भएको र सोमा छलफल भई प्रस्तूत सबै प्रस्तावहरु सभाबाट पारित भएको घोषणा गर्नूभयो ।

अन्त्यमा, वार्षिक साधारण सभा संचालन गर्नमा सहयोग पुऱ्याइदिनू भएकोमा उपस्थित शेयरधनी महानुभावहरु, बैंक व्यवस्थापन परिवार तथा सभाकक्ष उपलब्ध गराई दिएकोमा उद्योग संगठन, मोरंडलाई संचालक समितिको तर्फबाट धन्यवाद ज्ञापन गर्दै अध्यक्षज्युले यो आठौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नू भयो ।

| | | |
|---|---|---|
| श्याम सापकोटा<br>कम्पनी सचिव | सशिन जोशी<br>प्रमूख कार्यकारी अधिकृत | जगदीश प्रसाद अग्रवाल<br>अध्यक्ष |

Nepal Industrial & Commercial Bank Ltd. Corporate Office KTM